# १३. श्री मोहन कोइराला

*[संवत् २०३८ साल कार्तिक ४ गते रोज ५ का दिन आयोजित समारोहमा 'नदी किनाराका माझी' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०३८ सालको मदन पुरस्कार त्यसका रचयिता श्री मोहन कोइरालाले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार। यो उद्गार नेपाली त्रैमासिक अङ्क ९३ बाट उद्धृत गरिएको हो।]*

आदरणीया श्री जगदम्बा रानीज्यू मदन पुरस्कार गुठीका गुठियारहरू तथा भेला हुनुभएका सबै महिला तथा सज्जनवृन्द !

गत साल यस्तै समारोहमा आधुनिक कविवर श्री जगदीशशमशेर राणाको 'नरसिंह अवतार' काव्यलाई पुरस्कार दिएको याद ताजै छ। मैले त्यो गरिमामय पुरस्कार वितरण समारोह हेर्ने मौका पाएको छु।

'नदी किनाराका माझी' पुस्तकले यस वर्ष तपाईंहरूसँग भेट्ने सुअवर मलाई प्रदान गरेको छ। अघिल्लो वर्ष मात्र मबाट बाहिर जान बिदा भएर निस्केको पुस्तक हो, यो। कुनै पनि कृतिले लेखकको अन्तर तहबाट बाहिर निस्केपछि लेखकको निजी मात्र नभएर सामूहिक जेथा हुन जान्छ। प्रकाशित कसैका कृति पनि बाहिर पुगेपछि कृतिका आफ्नै गुण अवगुणले बाहिरी हेलमेलमा बाँच्न सक्नुपर्छ। तर कुनैकुनै कृतिले मात्र बाहिर पुगेपछि लेखकलाई सम्झन्छ र आफू उभिन खोज्छ। त्यस्तै यसपटक 'नदी किनाराका माझी'ले फेरि मसँग भेट्ने आग्रह गरेको छ। सम्झना फर्काइदिने, सम्झना बढाइदिने, चर्चामा ल्याइदिने कार्यचाहिँ मदन पुरस्कार गुठीको हो भन्दा केही अत्युक्ति हुँदैन जस्तो लाग्छ।

'फर्सीको जरा', 'लेक', 'सूर्यदान'को चिनापर्चीमा सुरु भएको मेरो कविता-यात्राको चालीस वर्ष झन्डै व्यतित भइसकेको रहेछ। यति लामो अवधिलाई हेर्दा मेरो लेखनीको उपज भने थोरै सङ्ख्यामा मात्र सीमित रहेछ। मसी र कलम, अनुकूल र प्रतिकूल, जोर्दाजोर्दै, हेर्दाहेर्दै पनि नेपाली साहित्यको फाँटमा अझै सेवा गर्न सकिएको छैन। के के न लेखौंला भनेको लेखेर के के न होला भनेको धमिरोको महल मात्र रहेछ, कल्पनाको।

नयाँ विधा भन्दाभन्दा नयाँ विधामा लेखें भन्दाभन्दा अब त लेखनीसमेत बूढो भएको देख्न लागेको छु। भनेको जति, सोचेको जति न नयाँ कविता भयो न लेख्न सकियो। जति हेऱ्यो जति सोच्यो कामहरू अलपत्र परेका छन्। सानो जीवनको रहर मात्रले के पो सकिने रहेछ र! पुरानो विचार पनि मात्र सकिएन साहित्यमा, न नयाँ यात्रा मनग्गे गर्न पाइयो। यसरी मेरो काव्यप्रवाह बहेको छ। मैले प्रथम प्रथम 'फर्सीको जरा'लाई 'लेक'लाई र 'सूर्य दान'लाई नेपाली साहित्यमा उपासना गरें। यी मेरा नयाँ विचारसँग केही मिल्दाजुल्दा कविता हुन पुगेका छन्। यसमा विषयवस्तु नयाँ छन्। यसका भावपक्ष, शैलीपक्ष नयाँ भएर पाठकसामु उभिन पुग्छ।

सज्जनवृन्द, रसिकवृन्द,

काव्यालोकमा यात्रा गरेका प्रसङ्ग संक्षिप्त निवेदन गरिसकेको छु। अब एक क्षण 'नदी किनाराका माझी' बारे केही चर्चा गर्नु उचित पर्ला। हुन त कविता लेख्नु र व्याख्या गर्नु दुवै सबै लेखकको क्षमताभित्र पर्दैन। त्यस्ता व्यक्ति विरलै हुन्छन्, जसले दुवैतर्फ सकें भन्छन्। 'फर्सीको जरा' मैले लेखेको हुँ। 'सूर्यदान' मेरो आत्मव्याख्या हो। 'लेक' मेरो गोप्य डायरी हो। मेरो तरफको व्याख्या यसरी नै भएको सम्झेको छु। त्यस्तै मैले कविताबारे गरेको व्याख्या स्वयं 'लेक' हो 'सूर्यदान' हो 'पलङ नं. २१' नै हो भन्ने कुरामा म सहमत छु।

यसपल्टको पुस्तकमा पनि त्यस्तै छरिएका, छोपिएका नेपाली वस्तुलाई एउटै सँगालोमा स्थान दिने कोसिस गरेको छु। केही वर्षयताका भावनाहरू यसमा संपुट छन्। त्यो भावनाचित्र 'नदी किनाराका माझी'मा कहिले माझीको रूपमा छ कहिले गङ्गा प्रवाहको रूपमा कहिले सडकको धूलोमा नाटकको रूपमा चित्रण गर्न खोजिएको छ। त्यो प्रसङ्ग कथा उपकथा नदी किनाराका माझीभित्रका कवितामा समावेश छन्। पुस्तकका पानामा यत्रतत्र छरिएको नेपाली वस्तुता पाइयो भने आश्चर्य मात्र सकिँदैन पनि।

हामीसितको युग कसरी उभिएर बोल्न लागेको छ। वस्तुत: कविताहरू समयको त्यस्तै यात्रा-वर्णन हुन्। भौतिक होस् चाहे भावनात्मक साहित्य त्यसको रथ हो। व्यक्तिको होस् वा समूहको साहित्य कसैको पनि यात्रा-वर्णन हो। गल्लीमा हिँड्नेहरूको टाढा नजीक बस्नेहरूको माथि तल बस्नेहरूको, पनेरामा पानी भर्नेहरूको, खेतबारीमा काम गर्नेहरूको, ठेलागाडासँग जुध्नेहरूको, सबैसबैको यात्रास्मृति। त्यसैको सम्झौटो हो 'नदी किनाराका माझी' मा वर्णन भएको स्मृति। मानिस जतिसुकै भागेर जहाँ पुगें भने पनि हुन्छ, तर मानिस आफूबाट, आफ्नो घेराबाट टाढा भाग्न नसक्ने रहेछ। सबै ठाउँबाट भाग्न सफल भए पनि आफ्नो विषयबाट भाग्न झन् कठिन रहेछ!

गद्य कविता अरू परम्परागत प्रवाह र रूपमा पृथक छ। अघिका कविताको प्रबल पक्ष छन्दसँग गाँसिएको हुन्थ्यो, त्यो छन्दलाई अब हामीले माया माऱ्यौं। हामी

कविताको सङ्कटको घडीमा छौं । एकातिर छन्द छैन अर्कोपट्टि मुक्त कवितालाई कविता भन्न सकिरहेका छैनौं । यो स्थिति आज पनि जीवित छ । नयाँ यस्तो कविता आज भोलि चलेको छ जसलाई फाँकी हालेर भन्न सकिँदैन । यस्ता हिजो आजका नेपाली गीत र कविता प्रशस्त छन् । प्रचलित नयाँ आजको कविताका भाव शैलीहरू पुराना सामाजिक प्रवृत्ति र प्रविधिसँग अलग लाग्छन् । नयाँ पाराले देखिनुमा, नयाँ पाराले भन्नुमा नयाँभन्दा नयाँ भावना प्रकट गर्नुमा यसको विषय परिलक्षित भएको हुन्छ ।

नेपाली साहित्यकार, के कवि, के कथाकार, सबैको कतै न कतै अन्तरनाता गाँसिएको देख्छु । बिर्सिएँ भनेका कुरा सम्झिन्छ, सम्झिएँ भनेको बिर्सिन्छ; मानवको प्रकृति यस्तै छ । कति कुरा जानीजानी गर्दिनँ भनेको अन्तर्मनबाट बिर्सेर गर्न पुगिन्छ । कल्याणकारी अर्थ न आजका साहित्यकारले छाड्छन्, न पैलेका साहित्यकारले छाडेका थिए । भानुभक्तले कवितामा 'राम' भने । देवकोटाले साग र सिस्नुको कुरा उठाएर निम्नतम नेपाली जीवनको सुखदु:खको कल्पना गरे । लेखनाथले रामको कथा नभने पनि 'पढो पढो जी आत्माराम' भनेर समाजको परिकल्पना गरे । देवकोटा, गोपालप्रसाद वेगर नेपाली साहित्यको इतिहास झन् कति खल्लो लाग्नेछ । प्रत्येक युगले आफ्नो समयको एउटा राम खोज्न कोसिस गर्छ । भानुभक्तलाई त्यसैको नेपाली प्रतीक हुन् भन्न सकिन्छ ।

काव्यको हिमालयबाट झर्नाहरू सधैं निर्झरित हुनुपर्छ कल्लोलसँग । समस्त नेपाली वाङ्मय उनीहरूका गायनले पूर्णातिपूर्ण बन्दै जानुपर्छ । मदन पुरस्कार गुठीले वर्षेनि नयाँनयाँ नेपाली प्रतिभा र नयाँ आयामलाई जाँगरसँग प्रोत्साहन गर्न पाओस् । यहाँ कहिले प्रतिभाको खाँचो नपरोस् !

मदन पुरस्कार गुठी भाषा र साहित्यमा पुरस्कारको काम गर्ने स्थायी संस्था हो । यसले युग शताब्दीसम्म सेवा गरिरहनुपर्दछ । साहित्यको आँगनमा नाच्ने, बामे सर्ने म त एक साधारण शिशुमात्र हुँ । एउटा यात्रु ! तर संस्थाले साहित्यहितमा लागेर सधैं स्थिर रहन पर्ने हुन्छ । त्यो पनि हाम्रो जस्तो देशमा निष्पक्षताबाट अविचलित भएर, जसको प्रतिफल साहित्यको हितमा जान्छ । दिनेहरूको मन सदा उदार हुन्छ । दिनेका कार्यफाँट सदा चौडा हुन्छ किनकि उसको कार्य पुरस्कार लिनु होइन, दिनु हो ।

गुठीको पुरस्कार दिने व्यवस्था विश्वका अन्य संस्थाको चलन चाँजोसँग नमिल्ला पनि । धेरै किसिमका छन् पुरस्कार दिने चलनहरू । कसैका जीवनभरिका कार्यपछि एकपटक अन्त्यतिर पुरस्कृत गर्ने चलन छ भने कहीं नयाँ प्रतिभालाई जागरण गराउन दिने पुरस्कार पनि नभएका हैनन् । त्यसमध्ये मदन पुरस्कारको व्यवस्था अर्कै प्रकारको छ । यसले कुनै प्रकाशित कृतिबाट मात्र लेखकलाई पुरस्कृत गर्ने गरेको छ । एक देशको अर्को देशसँग, एक संस्थाको अर्को संस्थासँगको चलन

जस्तो फरक मात्र हो भन्ने लागेको छ। निष्पक्षतको प्रशंसा गर्छु। म कुनै पनि क्षेत्रमा निष्पक्षताको रूपलाई प्रशंसा गर्छु।

-पख पङ्ख खोल्नेहरू। उड अब व्यामोहबाट युगका मेघ छाड् गर्जन। ज्योतिमा वाणी छ। रश्मि पङ्ख छ उड्न। भू भूवस्व: गर्छ अर्थव। रजत भोक छ उठ। रजत मार्ग छ जान। त्यस कुवाको रजत प्यास छ पन्छीले पिउन।

कविता पथमा कसरी राष्ट्र र जनता गाइन्छन् वनस्पति र माटो कसरी प्रेम गर्नुपर्छ धर्तीमा कसरी समर्पित हुनुपर्छ। सुकिलो पनेरामा प्यास मेट्ने अभिलाषा पन्क्षीले कसरी गर्नुपर्छ।

युग उफ्रिँदो पानीमा छ। ज्योतिको उसमा छालमाथि छाल छ। ताराहरू अन्याय हेर्न लागेका छन्। प्रताडनमा इतिहासका घोडाहरू उत्तिकै उत्तेजित छन्। म के जानौं अर्को गङ्गा अर्थ।

यस्तै प्रसङ्ग सोच्तासोच्तै फर्सीको जराले मेरो कानमा सुटुक्क भन्यो– बाँचिरहेको विश्वास। रंगको विश्वासै विश्वास हामी नै विश्वास गर्न सक्तैनौं। विश्वास कहाँ टाँसिएको छ जरा भएर। मलाई एक विश्वास भए पुग्छ। मलाई एक वर्तमान भए पुग्छ।

यसरी मेरो प्रथम कवितायात्रा सुरु भयो। यात्रामा अवरोध नहोला भन्ने हुँदैन। साहित्य पनि बेरोकटोक अगाडि जान सक्तैन। उ पनि कुण्ठित छ। उ पनि कतै अपहेलित छ कति अपेक्षा साहित्यमा पर्छन्। भर्खर पो त्यस स्थितिलाई दिशाबोध गरेर हिँड्ने काव्यकारहरू निस्कन लागेका छन्। त्यसबारे कवि जगदीशशमशेर भन्नुहुन्छ– व्यासले कसको पालामा लेखे ? कालिदासले कसको, भानुभक्तले कसको ? तलेजु मन्दिरको आफ्नै महत्त्व छ। ती चिन्तनशील कविहरूबाट नेपाली साहित्य भाग्यमानी भइसकेको छ।

सहनाई फुक्न सिपालु। टेम्को बजाउन परे पनि नहट्ने, तुरही होस्, कर्नाल होस्, एउटा धौरालीमा बसेर फुकेपछि सात डाँडा परबाटै सुनिएको होस्।

नेपाली साहित्य नेपालीको संस्कृति हुनुपर्छ। हाम्रो संस्कृति नेपाली साहित्यमा हुनुपर्छ। अर्काको संस्कृतिले ढाड भाँच्छ।

अब त थ्रिक्वाटर सिउने दमै चाहिएको छ। अब कान लामो भएको पलाञ्चोक होइन कुर्कुचा लामो भएको जुत्ता चाहिएको छ। खेलाचीले आफ्नो संस्कृति खोज्न विदेशी म्युजियम ताक्नु नपरोस्। अब सबै नक्कल मात्र गरेर भएन, केहीसम्म त बाँकी राख्न पर्‍यो। धरमसलाई सिङमाङ भनेर चित्त बुझाएर मात्र हुँदैन।

हेर्छु गोजे जस्तो, फुर्तिलो खै त दमै ? तुना भएको सिउने ? हेर न अहिले पनि अर्धानु लाउँदै छु। मोहता भए पनि लाउँदै छु। दमैले कस्तो पारेर सिउन सक्छ ? गोजेको हातले सिएको मिलेको छैन त मेरो देश दमैले सिएको चिनु !

अब त भन्दाभन्दा म पनि थाकिसकें। भन्छु भन्छु कत्ति भनिँदैन। रुन्छु भन्छु कत्ति रोइँदैन। युगअर्थ कत्ति मनको मनमै दह बन्छु। युग कति सोचेको सोच्नुसँगै बह बन्छ !

हिँडेर नपुगिने। पुरिएर नसकिने। नबगिने बगाएर। नियति थुप्रै छ। टाढा छ मेरो हो त्यो नफुक्ने कथा। तर काव्य बग्न पर्छ। हिमाल पाखा पर्वतमा निर्झरको सुन्दरता अर्थवत्ता अजश्रता निरन्तरता बगिरहनुपर्छ। बग्नु! बग्नु! बनु! निर्झरको बानी हो नरोकिनु, बग्नु। काव्य रोकिनुहुँदैन, प्रगति र देश रोकिन जान्छ।

बाँच्न खोज्दा नजानेर हिँड्न खोज्दा नजानेर सजाय दिन आएका प्यारा यी दिनहरू। बाँच्न खोज्दा पाएका मृत्यु शुभकामनाहरू स्नेह नजान्दाका सजाय पाउन। भरि महफिल एक कुनामा अनुहार नमिल्दाको सजाय पाउन। वंश नमिल्दाको सजाय पाउन। नाघ्न नसक्दा यति विघ्न घेरा र पहराहरू।

साहित्ययात्रामा एक्लैएक्लै जाँदा केही बाटो खोज्दै केही यात्रा खोज्दै।

व्यथा लुकाएर म आउने गर्छु। बिहानबिहान प्रत्येक दिन बिदा भएर निस्कने एउटा बिहान।

बाटोमा एउटा रथको पाङ्ग्रा गडेको छ मच्छिन्द्रको।

काँधमा उचाल्ने अठोट लिएर आएको छु।

यो त साहित्यको रथ हो। साहित्यको रथ उचाल्ने अरू कति साहित्यकारका नाम आउँछन्– हाम्रा अग्रज कविवर सिद्धिचरण श्रेष्ठ, केदारमान 'व्यथित' त्यस मूर्धन्य स्थानमा हुनुहुन्छ। उहाँहरूको बाटो प्रष्ट भैसकको छ। त्यसपछिका कविहरूमा मदन रेग्मी, द्वारिका श्रेष्ठ, ईश्वर बल्लभ, कृष्णभक्त श्रेष्ठ, जगदीशशमशेर राणाहरू छन्। साथै नव प्रतिभाहरू पनि आफ्नो कलम तिखार्दै सफलतातिर आएको देख्छु।

एकछिनपछि चौसिरे आउनेछ। दुखेको बाथ आउनेछ। एकछिन सडक कविता आउनेछ। शिष्टता र मृदुवोलहरू। एकछिनमा मादलज्ञ आउनेछ। तरुनीहरू ज्याल खोल, तन्नेरी हो ढोका खोल, वली राजाले पठाएका। तेसै आएनौ। हामी चौसिरे आएका!

पानीमा, जमिनमा, भाग्यमा माछा पार्न दिँदैन कतै पनि, नियति भागेको छ द्रुत माछो बनेर। आउँछ कि तान्दा रहरलाग्दो भविष्य कत्ले माछामा अड्केर। साहित्य उन्नति र प्रगतिको, यसरी नै साहित्यको बारे मैले संक्षिप्त प्रस्तुत गरें।

कविताक्षेत्रमा नयाँ कविताको ढाँचालाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा केही वर्ष सदस्यताको स्थान दिएर देशले प्रतिष्ठा दिएको सम्झन्छु र नयाँ कविता क्षेत्रलाई यस्तै प्रोत्साहन सबै क्षेत्रबाट मिलोस् भन्ने कामना गर्दछु।

अन्त्यमा म जस्तो साधारण कविताको यात्रुले लेखेको कृतिलाई मदन पुरस्कार दिएर इज्जत दिनुभएकोमा उदारमना श्री जगदम्बा रानीलाई धन्यवाद टक्र्याउँछु र यस कृतिलाई पुरस्कारयोग्य ठहराइदिनुभएकोमा सबै गुठियारहरूप्रति कृतज्ञता ज्ञापन गर्दै यो सानो कुरो यहीं टुङ्ग्याउँछु।

धन्यवाद!

⊠ ⊠ ⊠